सैनामैना नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

बुद्धनगर, रुपन्देही

५ नं. प्रदेश, नेपाल

साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) र व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) निर्माणको लागि

## प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७४।०९।१३**

**पुनः दोस्रो पटक सूचना प्रकाशन मिति : २०७४।१२।१५**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत यस कार्यालयको आ.व. ०७४।०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनका लागि निम्नानुसार वाली/वस्तुहरुमा पुराना पकेटहरुलाई निरन्तरता दिने र नयाँ पकेट सञ्चालन गर्ने इच्छुक कृषक समुह/कृषि सहकारी/कृषक उद्यमीहरुबाट निर्धारित ढाँचामा ३० दिनभित्र प्रस्ताव माग गरिएकोमा आवश्यक संख्या, निर्धारित ढाँचामा र रीतपूर्वक प्रस्ताव प्राप्त नभएकोले मिति २०७४।१२।१३ गते बसेको नगरस्तरीय कृषि विकास समितिको निर्णय अनुसार पुनः ७ दिने यो सूचना प्रकाशित गरिएको छ। अन्य आवश्यक कुरा बुझ्नु परेमा र आवेदन फारमको लागि यस कार्यालयको कृषि विकास शाखा मुर्गियामा कार्यालय समयमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

| मापदण्डहरु | साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम |
|---|---|
| तोकिएको बाली | सवै कृषि बाली |
| लक्ष्य संख्या | ३ वटा नयाँ र ६ वटा पुरानो गरी जम्मा ९ वटा कृषि उत्पादन केन्द्र (पकेट)<br>नोट : पुरानो पकेट क्षेत्रको हकमा पुराना छनोट भएका पकेट सञ्चालक समितिहरुले मात्र विस्तृत कार्ययोजना सहित आवेदन पेश गर्नुपर्नेछ। |
| न्युनतम क्षेत्रफल | १० हेक्टर प्रति पकेट क्षेत्र |
| सञ्चालन हुने क्षेत्र | सैनामैना नगरपालिका क्षेत्र |
| कार्यक्रमबाट उपलब्ध हुने सुविधा | चालु अनुदान : नविन उत्पादन प्रविधि प्रर्दशन तथा तालिम, उन्नत विउ, माछा भुरा लगायत वेर्ना, रासायनिक मल जस्ता उत्पादन सामाग्री सहयोग<br>पूँजीगत अनुदान : मेशिनरी औजार, सिंचाई निर्माण, मर्मत अन्य |
| हुनुपर्ने सेवा सुविधा पूर्वाधार | (क) सडकको पहुँच भएको वा हुन सक्ने<br>(ख) सिंचाईको उपलब्ध भएको वा हुन सक्ने<br>(ग) विद्युतको उपलब्ध भएको वा हुन सक्ने<br>(घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको |
| कार्यक्रम सञ्चालनको संक्षिप्त मोडालिटी | कार्यक्रम सञ्चालनको लागि सम्भाव्यता अध्ययनको आधारमा निर्धारण गरिएको क्षेत्रका इच्छुक कृषक समूह/सहकारी/कृषक उद्यमीहरुबाट अध्यक्ष लगायत सदस्यहरु र कृषि सेवा केन्द्रको प्रतिनिधि नजिकमा रहेको एग्रोभेट कृषि सामाग्री आपूर्तिकर्ता सल्लाहकार रहने गरी पकेट/ब्लक सञ्चालक समिति गठन गरिनेछ र सोही समितिसँगै सैनामैना नगरपालिका नगर कार्यपालिका कार्यालयले सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ। |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-**

**१. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी दर्ताको प्रमाणपत्रको प्रतिलिपी-पुरानो पकेटको हकमा नविकरण सहित**

**३. पकेट क्षेत्रको लागि तोकिएको जग्गाको लगत**

**४. लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी**

**२. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीको निर्णयको प्रतिलिपी**

नोट : बाँकी सुविधा एवं प्रकृया नेपाल सरकारबाट स्वीकृत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन कार्यविधि अनुरुप हुनेछ।

शाखा प्रमुख